2058
SAHAMATI

# एकिकृत स्वास्थ्य र आय वृद्धि कार्यक्रम मार्फत नेपालका ग्रामिण समुदायहरुको सशक्तिकरण (ई.आर.सि.एन) परियोजना

## बोयर बोका खरिदका लागि सिलबन्दी दर भाउ पत्र आह्वान

## Terms of Reference (TOR)

**परिचय :**

सहमति र कोरिया अन्तराष्ट्रिय सहयोग नियोग (कोइका)/विकास रणनीतिको लागि कोरिया संस्थान (केडिएस) को साझेदारीमा काभ्रे, तनहुँ र सिन्धुपालचोक जिल्ला अर्न्तगतका विभिन्न गाउँपालिकाहरुमा सञ्चालित **एकिकृत स्वास्थ्य र आय वृद्धि कार्यक्रम मार्फत नेपालमा ग्रामिण समुदायहरुको सशक्तिकरण (ई.आर.सि.एन)** परियोजना व्यवसायिक कृषि तथा पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकासमा केन्द्रित रहेका छन् ।

परियोजना अन्तर्गत परियोजना सञ्चालित कार्यक्षेत्रमा बाख्रा पालक कृषहरुलाई बोयर बोका सहयोग गर्ने लक्षय रहेकोमा नेपालमा रहेका आधिकारीक बोयर बोका विक्रि गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवाप्रदायकहरुले निम्न शर्तहरुको अधिनमा रहि तोकिएको म्याद भित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**कार्यक्षेत्र :**

घिरिङ्ग गाँउपालिका १ - पुट्टार - तनहुँ, चौरीदेउराली गाँउपालिका ३ - सलम्बु - काभ्रेपलाञ्चोक र पाँचपोखरी थाङ्गपालकोट गाँउपालिका ४ - मानेखर्क - सिन्धुपालचोक

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।
२. अनुसूची १ मा भएका बोयर बोका सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई प्रति केजि दररेट पेश गर्नुपर्ने छ ।
३. कम्पनी/फर्म/अधिकृत बिक्रेताले मिति २०७९/११/०३ गते (February 15, 2023) भित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।
४. बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।
५. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथम कदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।
६. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

2058
SAHAMATI

७. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग सम्झौता गरिनेछ ।

८. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

९. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूचीमा उपलब्ध फारम नमूना अनुसार)

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. दर्ता तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निवेदन

ङ. आधिकारीक डिलरसिप वा कारोवार गर्ने ईजाजत लिएको प्रमाण पत्रको प्रतिलिपि

११ अनुमानित आवश्यक सामग्रीहरु र परिमाण

| **क.सं** | **सामग्रीको नाम** | **बोकाको विवरण** (Specification) | **अनुमानित आवश्यक संख्या** |
|---|---|---|---|
| १. | बोयर बोका | • बोयरको नश्ल ७५ वा ८७.५ % हुनुपर्नेछ ।<br>• समय अनुसारको वृद्धिदर भएको ७ महिना देखि १ वर्ष भित्रको २५ देखि ४० केजीको हुनुपर्नेछ ।<br>• निरोगिताको साथै व्युत्तपति प्रमाणपत्र (Pedigree Certificate) प्रमाणित हुनुपर्नेछ ।<br>• बोकाहरु विभिन्न फरक नश्लको बाउ बोकाबाट उत्पादन भएको हुनुपर्नेछ ।<br>• बोकाको रङ्ग बोयर जात जनाउने हुनुपर्नेछ । | १४ वटा |

***नोट : माथि उल्लेखित बोकाको संख्या आवश्यकता अनुसार थपघट हुन सक्ने छ ।***

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

इच्छुक स्थानीयरराष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताहरुले उपलब्ध गराउने सामग्रीहरुको दरभाउ खामको बाहिर "**Quotation for Boer Buck/ERCN**" लेखि मिति २०७९ /११/०३ गते (February 15, 2023) गते ५:०० बजे भित्र सहमतिको कार्यालय, गैंडाकोट नगरपालिका, वडा नं. ५, नवलपरासी सिधै बुझाउन वा हुलाक कुरियर मार्फत बुझाउन सकिनेछ वा procurement@sahamati.org मा इमेल मार्फत subject line मा **Quotation for Boer Buck/ERCN** लेखी पठाउन सकिनेछ । बोयर बोका सम्बन्धी विस्तृत विवरणको TOR सहमति संस्थाको वेभसाइट: http://www.sahamati.org/notice बाट प्राप्त गर्न सकिनेछ ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङकन तथा आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित रहनेछ ।

2058
SAHAMATI

# बोयर बोका प्रति केजि दर रेट

अनुसुचि - १: बोयर बोका खरिद बोलपत्र

| क्र.सं | सामग्रीको नाम | बोकाको विवरण (Specification) | अनुमानित आवश्यक संख्या | प्रति केजि दर (रुपैयामा यदि भ्याट लाग्ने भए भ्याट सहित) | प्रति केजि दर (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बोयर बोका | • बोयरको नश्ल ७५ %<br>• समय अनुसारको वृद्धिदर भएको ८ महिना देखि १ वर्ष भित्रको ३० देखि ४० केजी<br>• निरोगिताको साथै व्युत्तपति प्रमाणपत्र (Pedigree Certificate) प्रमाणित<br>• बोकाहरु विभिन्न फरक नश्लको बाउ बोकाबाट उन्पादन<br>• बोकाको रङ्ग बोयर जात जनाउने<br>• अफ्रिकन क्रस | १४ वटा | | | |
| २. | | • बोयरको नश्ल ८७.५ %<br>• समय अनुसारको वृद्धिदर भएको ७ महिना देखि १ वर्ष भित्रको २५ देखि ३५ केजी<br>• निरोगिताको साथै व्युत्तपति प्रमाणपत्र (Pedigree Certificate) प्रमाणित<br>• बोकाहरु विभिन्न फरक नश्लको बाउ बोकाबाट उन्पादन<br>• बोकाको रङ्ग बोयर जात जनाउने<br>• अफ्रिकन क्रस | | | | |

फर्मको नाम: छाप: मिति:

पेश गर्नेको नाम: हस्ताक्षर: